# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २६ ] काठमाडौं, साउन २४ गते २०३३ साल [ अतिरिक्ताङ्क १२ (घ)

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको
### विज्ञप्ति

श्री ५ महाराजाधिराजबाट सर्वोच्च अदालतका प्रधानन्यायाधीश श्री रत्नबहादुर विष्टले उमेरको हदबाट अवकाश लिनुभै खाली हुनआएको सर्वोच्च अदालतको प्रधान-न्यायाधीश पदमा नेपालको संविधानबमोजिम न्यायिक समितिको अध्यक्ष पदमा काजमा रहनुभएका सर्वोच्च अदालतका न्यायाधीश श्री नयनबहादुर खत्रीलाई नियुक्ति गरि-बक्सेको छ ।

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका सचिव

५६१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

## श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
## राजदरबारको
## सूचना

सम्माननीय खाद्य, कृषि तथा सिंचाइ र भूमिसुधार मन्त्री श्री खड्गबहादुर सिंह विश्व खाद्य कृषि संगठनको तेह्रौं क्षेत्रीय सम्मेलनमा भागलिन मनिलातर्फ जानुभएकोले उहाँ फर्की नआउन्जेलसम्मको लागि उहाँले सम्हाली आउनुभएको खाद्य, कृषि तथा सिंचाइ र भूमिसुधार मन्त्रालयको कार्यभार माननीय जल विद्युत् राज्य मन्त्री श्री हरिश्चन्द्र महतले सम्हाल्नु हुनेछ ।

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका सचिव

५६२

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।